सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जिल्ला अस्पताल, बझाङ्ग

**विषयः रासन ठेक्काको दरभाउ पत्र आह्वान सम्वन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९।९।०७**

यस जिल्ला अस्पताल अन्तर्गत अन्तरङ्ग विभागमा भर्ना भएका बिरामीहरुका लागि १ वर्षको निमित्त रासन खुवाउनको लागि ठेक्कापट्टाद्वारा वन्दोवस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । निम्न वमोजिम तोकिएको शर्तमा रहि रासन सिदा खुवाउन ईच्छुक रासन सप्लायर्स , व्यक्ति वा फर्मले सिलवन्दी दरभाउपत्र पेश गर्न हुन आह्वान गरीन्छ ।

**निम्न**

१. दरभाउपत्र फारामको रु १०००।- तिरे पछि (पछि फिर्ता नहुने गरी )यस कार्यालयको प्रशासन शाखा बझाङ्गबाट खरीद गर्न सकिनेछ ।

२. सिलवन्दि दरभाउपत्र पेश गर्दा निम्न कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

क) नेपाली नागरीकताको प्रतिलिपि ।

ख) २०८० साल असाढ मसान्त सम्म नविकरण भएको फर्मको दर्ता भएको प्रमाणपत्र ,स्थायी लेखा नम्बर (प्यान)प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु र आ.व.०७८।०७९ सालको कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु नोटरी पब्लिकबाट प्रमाणित गराएको कागजातहरु सहित पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय : **दरभाउ पत्र प्रकाशित भएको १६ औं दिनको दिउसो १२ वजेसम्म** जिल्ला अस्पताल बझाडमा । सो दिन विदा परेमा सो को भोलिपल्ट हुनेछ ।

४) दरभाउपत्र खोलिने मिति र स्थान : **सो १६ औं दिनको दिउसो २ वजे** जिल्ला अस्पताल बझाङ्गमा खोलिने छ । यदि सो दिन विदा परे सो को भोलिपल्ट हुनेछ ।

५.) जमानत जम्मा गर्ने स्थान : जिल्ला अस्पताल बझाड.को नाम रहेको प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा रा.वा.वैक बझाङ्गमा रहेको धरौटी खाता च.हि.नं. ४११०१००२०२०३०००० मा धरौटी रकम जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैकबाट ईजाजत प्राप्त वाणिज्य बैकबाट जारी भएको ७५ दिन म्याद भएको विडवण्ड संलग्न हुनुपर्नेछ ।

६.दरभाउपत्रमा दररेट उल्लेख गर्दा प्रतिईकाइ गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. ठेक्का अवधिभर मुल्यवृद्धि दिईने छैन ।

८.नियमानुसार ठेक्का सम्झौता भएपछि मात्र अन्य दरभाउ पत्र दाताहरुको जमानत रकम फिर्ता दिईने छ ।

९. दर्ता भएको शिलवन्दी टेण्डर फिर्ता हुने छैन ।

१०. दरभाउपत्र दाताले शिलवन्दि टेण्डरसाथ गुणस्तर भएको आफुले खुवाउन सक्ने सिदा रासन सामानको **नमुना चामल ५००।- ग्राम, दाल ५०० ग्राम , आलु ५०० ग्राम, तेल १ पाकेट, नुन १ पाकेट,मसला १**सहित अनिवार्य रुपमा सिलवन्दी गरी दाखिला गर्नु पर्ने छ ।

११. टेण्डर दाताले दरभाउपत्रमा रासन दर उल्लेख गर्दा मु.अ.कर बाहेकको रासन दर पेश गर्नु पर्ने छ ।

१२. बजेटको सुनिश्चिता सम्बन्धमा सामाजिक बिकास मन्त्रालय, कैलालीको गत बर्षको प्राप्त बजेटलाई आधार र ईन्डोरमा भर्ना बिरामीको आधार मानि सोही शिर्षकबाट हुनेछ ।

१३. बाकी अन्य कुराहरु सार्वजनिक ऐन २०६३ तथा नियमावलि २०६४ र प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

| सि नं. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | दरभाउपत्र खरिद रकम |
|---|---|---|---|---|
| ०१ | ठेक्का न १/२०७९।०८० | अन्तरङ्ग विभागमा भर्ना भएका बिरामीहरुलाई रासन खुवाउने कार्य | ४५०००। | १००० |

जिल्ला अस्पताल बझाङ्ग